# नेपाल खाद्य संस्थान

योजना विभाग

प्रधान कार्यालय, काठमाडौं ।

## बोलपत्र आह्वान

प्रथम पटक प्रकाशित मिति: २०६७।०।०४

नेपाल सरकारको अनुदान सहयोगमा नेपाल खाद्य संस्थानवाट निम्न स्थानमा निर्माणकार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र निम्न बमोजिम रकम (फिर्ता नहुने गरी) बुझाइ आ.व.०६६।०६७ सम्म मान्य भएको आयकर स्थायी नम्बर (PAN) र मु.अ. कर VAT मा दर्ता भएको समबन्धित कार्यालयबाट प्रमाणित गरिएको प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्र दाताले लिखित निवेदन दिई यस विभाग तथा सम्वन्धित कार्यालयबाट कार्यालय समय भित्र बोपत्र सम्बन्धी कागजात (Tender Document) खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्रहरुमा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग भरि निर्माण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरी, सक्कलै प्रति र प्रतिलिपीलाई अलग/अलग खाममा बन्द गरी दुवै खामलाई एउटै खाम भित्र राखी शिलबन्दी गरी, खाम वाहिर फर्मको नाम, ठेगाना र कामको नाम पेश गर्ने कार्यालयको नाम समेत प्रष्टसँग लेखी ३१ औं दिनको १२:०० बजे भित्रमा यस विभागमा बोलपत्र दर्ता गर्न गराउन पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहबरमा विभागमा खोलिनेछ। बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. वोलपत्र साथ धरौटी वापत कबोल अङ्कको २.५% भ्याट सहितको (अढाई प्रतिशत)ले हुने जमानत वापतको रकम संस्थानको ओ.डि. खाता नं. २१४१४८२ (नेपाल बैंक लि. धर्मपथ काठमाडौंमा) सो रकम बराबरको यस संस्थानको नाममा क श्रेणीको वाणिज्य बैंकबाट जारि गरिएको विडवण्ड (बोलपत्र खोलिने मितिले कमितमा १२० दिन अवधि भएको) पेश गर्नुपर्नेछ।

४. बोलपत्र स्वीकृत भएपछि ठेक्का अङ्कको ५% ले हुने रकम बराबरको नगद भौचर वा सो वरावरको कम्तीमा १ वर्ष ६ महिनाको लागि मान्य हुने परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ।

५. बोलपत्र शर्त रहित केरमेट नभएको कार्यालयले उपलब्ध गराइएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ। समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र माथि कारवाहि हुने छैन।

६. बोलपत्र खरिद वा दर्ता गर्ने बोलपत्रदाताहरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्ररी बुझि दर रेट भर्नुपर्नेछ।

७. बोलपत्र भर्दा दररेट प्रष्टरुपमा अक्षर र अङ्कमा उल्लेख गर्नुपर्नेछ। अक्षर र अङ्क फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।

९. बोलपत्र दाताले प्रत्येक गोदामघरको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी अलग/अलग "ORIGINAL र एक प्रति COPY" (प्रतिलिपि) समेत पेश गर्नुपर्नेछ।

१०. कुनै पनि कारण जनाइ वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस संस्थानमा निहित रहनेछ।

११. बोलपत्र दाताले आफूले कबोल गर्ने अङ्क मूल्यअभिवृद्धि कर समेतको हुनुपर्नेछ।

१२. संयुक्त उपक्रम (जे.भि.)मा काम गर्ने निर्माण व्यवसायिले संयुक्त लगानी सम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ। संयुक्त उपक्रममा साझेदारको संख्या ३ भन्दा बढी भएमा स्वीकार गरिने छैन।

१३. बोलपत्र सम्बन्धी कागजातमा देहायका प्राविधिक पक्षको मूल्यांकनका आधारहरु स्पष्टरुपमा खुलाइएको छ। सो कागजात पेश गर्दा अनिवार्य रुपले निम्न लिखित मूल्यांकनका लागि आवश्यक आधारभूत कागजातहरुको प्रमाणित प्रतिलिपि सहित सो सम्बन्धी विवरण फाराम पूर्ण रुपमा भर्नुपर्नेछ। (क) प्रस्तावित कार्यकोलागि आवश्यक अनुभव (ख) जनशक्तिको क्षमता र योग्यता (ग) आर्थिक क्षमताको विवरण (घ) आवश्यक प्राविधिक, मालसामान र उपकरणको विवरण (ङ) निर्माण कार्यको कार्य तालिका (च) पेशागत घोषणा (छ) कार्य सम्पादनको स्थिति पेश गर्नुपर्नेछ।

१४. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस विभाग तथा सम्बन्धीत कार्यालयमा सम्पर्क राखी जानकरी लिन सकिनेछ।

१५. बोलपत्र सम्बन्धी आवश्यक छलफलको **"पूर्व बोलपत्र सम्बन्धी बैठक"** मिति २०६७।०।२५ गते मंगलबारका दिन योजना विभाग, प्रधान कार्यालयमा दिनको १:०० बजे बस्ने भएकोले सम्बन्धीत सम्पूर्ण इच्छुक वोलपत्रदाता उपस्थित हुनुपर्नेछ।

१६. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरीद ऐन २०६३, नियमावली २०६४ तथा संस्थानको विनियमावलीमा व्यवस्था भए अनुसार हुनेछ।

१७. कामको विवरण निम्न अनुसार रहेको छ।

| ठेक्का नं. | कामको विवरण | धरौटी रकम भ्याट सहित कबोल रकमको | बोलपत्र खरिद दस्तुर रु. | बोलपत्र खरिद गर्ने कार्यालय | बोलपत्र बुझाउने स्थान, कार्यालय |
|---|---|---|---|---|---|
| ने.स./खाद्य/मुगु/गो.नि. १/०६७/०६८ | २०० मे.टन क्षमताको आधुनिक गोदामघर निर्माण | २.५% | ३,०००।- | नेपाल खाद्य संस्थान, योजना विभाग, तथा शाखा कार्यालय मुगु | नेपाल खाद्य संस्थान, योजना विभाग |
| ने.स./खाद्य/हुम्ला/गो.नि. २/०६७/०६८ | २०० मे.टन क्षमताको आधुनिक गोदामघर निर्माण | २.५% | ३,०००।- | नेपाल खाद्य संस्थान, योजना विभाग, तथा शाखा कार्यालय हुम्ला | „ |
| ने.स./खाद्य/कोल्टी/गो.नि. ३/०६७/०६८ | १०० मे.टन क्षमताको आधुनिक गोदाम घर निर्माण | २.५% | ३,०००।- | नेपाल खाद्य संस्थान, योजना विभाग, तथा डिपो कार्यालय कोल्टी शाखा कार्यालय वाजुरा | „ |

यो सूचना संस्थानको **Web site:"www.nfc.com.np"** मा समेत हेर्न सकिनेछ।

**नेपाल खाद्य संस्थान**

**योजना विभाग**

फोन : ४२५२३०१